लन्डन/ म्यानचेस्टर युनाइटेडका स्ट्राइकर रोबिन भानपर्सीलाई क्लबमा भित्र्याउन नपाउँदा पछुतो लागेको प्रिमियर लिग विजेता म्यानचेस्टर सिटीका म्यानेजर रोबर्टो मान्सिनीले खुलासा गरेका छन् □ युनाइटेडले भानपर्सीलाई आर्सनलबाट ल्याउँदा दुई करोड ४० लाख पाउन्ड खर्चेको थियो □ युनाइटेडको बराबर पैसा खर्च गर्न नसक्दा क्लबले उत्कृष्ट स्ट्राइकर गुमा□ को मान्सिनीले बता□ का छन् □ गत अगस्तमा युनाइटेडसँग अनुबन्धित भानपर्सीले २० खेलमा १४ गोल गरिसकेका छन् □

भानपर्सीकै कारण उपाधि होडमा युनाइटेड बलियो हुँदै ग□ को तर्क सिटीका प्रशिक्षकसमेत रहेका मान्सिनीले गरेका छन् □ डच स्ट्राइकरलाई अनुबन्ध गरेको भ□, उपाधिको होडमा सिटी निकै बलियो हुने उनको दाबी छ □ 'भानपर्सीको उपस्थितिले युनाइटेड उत्कृष्ट लयमा छ, सिटी र युनाइटेडबीच भानपर्सी मात्र फरक देखिन्छन्,' उनले भने, 'भानपर्सीले चालू लिगिमा १४ गोल गर्दै आफ्नो उपस्थितिको महत्त्वपूर्ण देखाइसकेका छन्, शीर्ष स्थानमा सात अंकको फरक हुनुको कारण पनि डच स्ट्राइकर नै हुन् □'

भानपर्सीलाई युनाइटेडले किन्नुअघि आर्सनलसँग राम्रो वातावरण बना□ को मान्सिनीले बता□ □ 'त्यसवेला हामीलाई पूर्ण विश्वास थियो, भानपर्सी सिटीमै आउनेछन् तर युनाइटेड हामीभन्दा □ कक्दमअघि रह्यो,' मान्सिनीले भने □ सिटीमा उपलब्ध स्ट्राइकरका तुलनामा भानपर्सी धेरै फरक रहेको उनको भनाइ छ □ 'मसँग रहेका स्ट्राइकर र भानपर्सीबीच तुलना गर्दा धेरै फरक देखिन्छन्, डच स्ट्राइकर टिम स्परटिमा प्रतिस्पर्धा गर्छन्, प्रत्येक खेलाडीसँग मिलेर खेल्छन्,' उनले भने, '□ कइमानदार स्ट्राइकर भ□ काले भानपर्सीलाई युनाइटेडका अन्य खेलाडीले गोल गर्न सहयोग गरिरहेका छन् □'

खेलाडी ट्रान्सफर विन्डोमा आर्सनललाई बढी पैसा प्रस्ताव राख्न नसक्दा भानपर्सीलाई गुमा□ को प्रश्नमा मान्सिनीले भने, 'यहाँ पैसाको केही खेल भ□ न, सिटी पनि युनाइटेड बराबरको क्लब हो युनाइटेडभन्दा बढी पैसा तिरिन तयार थियो, तर खेलाडीको इच्छा कहाँ भन्ने बुझ्नुपर्छ, भानपर्सीको चाहना सिटीभन्दा पनि युनाइटेड थियो □'

भानपर्सी र वाइनी रुनीले प्रिमियरसिपमा ५० गोल गरिसकेका छन् □ सिटीको तुलनामा युनाइटेडले १२ बढी गोल गरेको छ □ गत वर्षको सत्रमा 'बक्सिङ डे'मा सिटी लिगको शीर्ष स्थानमा रहँदा २० खेलमा ५६ गोल गरेको थियो □

यसैबीच, मुख्य स्ट्राइकरद्वय कार्लोस टेभेज तथा मारियो बालोटेली उत्कृष्ट रफममा नहुँदा सिटी प्रशिक्षक मान्सिनी चिन्तित देखिन्छन् □ सर्जियो अगुरेयोका □ क्ल प्रदर्शनमा सिटीले उपाधि रक्षा गर्न गाह्रो हुने उनले बता□ □ 'गत सिजनमा मेरा मुख्य स्ट्राइकरले उत्कृष्ट प्रदर्शन गरेका थि□, उनीहरूले धेरै गोल गरे,' उनले भने, 'यसपटक आशा गरेअनुसार दुई मुख्य स्ट्राइकर चल्न सकेका छैनन् □'